नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८१।०८२

चलानी नं. २२८

मितिः २०८१।९।२१

विषयः आ. व. २०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सार्वजनिक गर्ने सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

स्थानीय तहको कार्यप्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ कार्यन्वयनमा रहेको विदितै छ । सो बमोजिम सबै स्थानीय तहले पौष मसान्तभित्र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा कार्यपालिकाबाट स्वीकृत गरी माघको पहिलो हप्ताभित्र आ-आफ्नो Website र सूचना पाटी मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यविधिमा उल्लेख भएको अवधिभित्रै आ. व. २०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा सार्वजनिक गर्ने कार्य सम्पन्न गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४

E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np